## 6. वृद्धवृद्धा व्यक्तिहरूको लागि　（高齢の人に）

【दीर्घकालीन हेरचाह बिमा र दीर्घकालीन हेरचाह सेवाहरूको प्रयोग】　（介護保険と介護サービスの利用）

विस्तृत रूपमा ओसाका-फु कोकुसाई कोउरिउ जाईदानको「II-2 चिकित्सा बिमा」को पेजमा हेर्न सक्नुहुन्छ।

सोधपुछ　कुयाकुस्यो चिइकी फुकुसि-खा(पेज 16, 17)

**【क्षेत्रीय व्यापक समर्थन केन्द्र** (चिईकी होउकाचु सिएन सेन्टर)**】(एकीकृत परामर्श डेस्क)**

（地域包括支援センター）（総合相談窓口）

दीर्घकालीन हेरचाह・स्वास्थ्य・कल्याण・चिकित्सा हेरचाह आदि एकीकृत रूपमा आवश्यक सेवाहरू प्राप्त गर्न सक्नुहुन्छ।

वृद्धवृद्धा व्यक्तिहरू र उनीहरूका परिवारहरूले निम्न बारे परामर्श गर्न सक्नुहुन्छ।

・दीर्घकालीन हेरचाह सेवा

・दीर्घकालीन हेरचाह रोकथाम हेरचाह व्यवस्थापन(दीर्घकालीन हेरचाह रोकथाम योजनाको सिर्जना आदि)

・क्षेत्रीय हेरचाह प्रबन्धक(दीर्घकालीन हेरचाह समर्थन विशेषज्ञ)आदिको समर्थन

・अधिकार रक्षा (केनरीयोउगो)

・दुरुपयोग रोकथाम र प्रतिरोधी उपायहरू

तपाई बस्नुहुने वडा अनुसार परामर्श गर्न सकिने केन्द्रहरू छुट्टाछुट्टै छन् । वडा कार्यालयमा भएको किखान गाता होउखाचु सिएन सेन्टरमा सोधपुछ गर्नुहोस्।

| | | | |
|---|---|---|---|
| सोधपुछ | साकाइ-कु | ☎072-228-7052 | फ्याक्स 072-228-7058 |
| | नाका-कु | ☎072-270-8268 | फ्याक्स 072-270-8288 |
| | हिगासी-कु | ☎072-287-8730 | फ्याक्स 072-287-8740 |
| | निसी-कु | ☎072-275-0009 | फ्याक्स 072-275-0140 |
| | मिनामी-कु | ☎072-290-1866 | फ्याक्स 072-290-1886 |
| | किता-कु | ☎072-258-6886 | फ्याक्स 072-258-8010 |
| | मिहारा-कु | ☎072-361-1950 | फ्याक्स 072-361-1960 |

【जापानमा बस्ने विदेशी वृद्धवृद्धाहरूको लागि लाभ】　（在日外国人高齢者給付金）

ताइस्योउ 15साल(1926साल)अप्रिल 1तारिख भन्दा अधि जन्मेका व्यक्तिहरूले प्रत्येक महिना 1मान येन प्राप्त गर्न सक्छन् ।

सर्तहरू भएको हुँदा कृपया सोधपुछ गर्नुहोस् ।

सोधपुछ सियाकुस्यो च्योउज्यु सिएन-खा ☎072-228-8347　फ्याक्स 072-228-8918

【75वर्ष वा सोभन्दा माथिका (कोउकि) वृद्धवृद्धाहरूको लागि चिकित्सा प्रणाली】　（後期高齢者医療制度）

विस्तृत रूपमा ओसाका-फु कोकुसाई कोउरिउ जाईदानको「II-2 चिकित्सा बिमा」को पेजमा हेर्न सक्नुहुन्छ।

सोधपुछ　कुयाकुस्यो होकेन नेन्किन-खा　(पेज 16, 17 )